# पुतलीबजार नगरपालिका स्याङ्जा

## युवा तथा खेलकुद वडा तथा नगर संजाल गठन र परिचालन कार्यविधी, २०७४

यस पुतलीवजार नगरपालीका क्षेत्र भित्र स्थायी वसोवास गरेका युवाहरुको सचेतना अभिवृधी गरि क्षमता विकाश गराई हरेक व्यक्तिसंग प्रतिस्पर्धा गरेर श्रेस्ठता हासिल गराई सक्षम नागरिक तयार गर्न अति आवश्यक महशुस गरी युवाहरुलाई समेटी पुतलीवजार नगरपालीकाका १४ वटै वडामा वडा स्तरिय युवा तथा खेलकुद समिति र पुतलीवजार नगरपालिकामा नगर स्तरिय संजाल गठन गरी परिचालन गर्न उचित ठहर गरी यो कार्यविधि वनाई लागु गरिएको छ ।

**१.सक्षिप्त नाम र प्रारम्भ.**

क.यस कार्यविधीको नाम. पुतलीवजार नगरपालिका स्याङ्जा युवा तथा खेलकुद वडा तथा नगर संजाल गठन र परिचालन कार्यविधी, २०७४ रहने छ ।

ख. यो कार्यविधी स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

**२.परिभाषा - विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा .**

**क. पुतलीवजार नगरपालिका भित्र वसोवास गर्ने युवाहरु भन्नाले .** यस पुतलीवजार नगरपालिका क्षेत्र भित्र स्थायी वसोवास गरेका १६ वर्ष भन्दा माथि ४० वर्ष भन्दा मुनिका नेपाली युवाहरुलाई सम्झनु पर्दछ ।

**ख.वडा स्तरीय समिति भन्नाले.** यस पुतलीवजार नगरपालिका भित्र रहेका १४ वटा वडाहरुमा सम्वन्धित वडामा स्थायी वसोवास गरेका नेपाली युवाहरुद्वारा दफा ३.१. वमोजिम गठन गरेको युवा तथा खेलकुद समितिलाई सम्झनु पर्दछ ।

**ग. नगर स्तरिय संजाल भन्नाले .** यस पुतलीवजार नगरपालिका भित्र रहेका १४ वटा वडाहरुमा दफा ३.१ वमोजिम गठन भएका समिति हरुवाट दफा ३.२.क. वमोजिम गठन भएको संजाललाई सम्झनुपर्दछ

**घ. समिति भन्नाले.** यस कार्यविधिको दफा ३.१ र दफा ३.२.क. वमोजिम गठन भएको संजाललाई सम्झनुपर्दछ ।

**ङ. कार्यविधी भन्नाले .** पुतलीवजार नगरपालिका भित्र वसोवास गर्ने युवाहरुको वडा स्तरीय युवा तथा खेलकुद समिति र नगर स्तरीय संजाल गठन र परिचालन सम्वन्धी कार्यविधी २०७४ लाई सम्झनु पर्दछ

**च. संयोजक भन्नाले.** यस कार्यविधी वमोजिम गठन हुने वडा युवा तथा खेलकुद समिति र नगर प्रमुखलाई सम्झनु पर्दछ ।

**छ. सह- संयोजक भन्नाले** यस कार्यविधी वमोजिम गठन हुने वडा स्तरीय युवा तथा खेलकुद समिति र नगर संजालको उपप्रमुखलाई सम्झनु पर्दछ ।

**ज. सचिव भन्नाले** यस कार्यविधि वमोजिम गठन हुने वडा स्तरीय युवा तथा खेलकुद समिति र नगर संजालको सचिवको कार्य गर्न तोकिएको व्यक्तिलाई संम्झनु पर्दछ ।

**झ. कोषाध्यक्ष भन्नाले.** यस कार्यविधी वमोजिम गठन हुने वडा समिति र नगर संजालको कोषाध्यक्ष भई लेखाको कार्य गर्ने व्यक्तिलाई संम्झनु पर्दछ ।

**३. वडा समिति गठन**

३.१ यस पुतलीवजार नगरपालिकाको वडा भित्र स्थायी रुपमा वसोवास गरेका नेपाली युवाहरुको भेलाद्वारा वडा स्तरीय युवा तथा खेलकुद समिति निम्न वमोजिम गठन गरिने छ ।

| | |
|---|---|
| १.संयोजक - | १ जना |
| २.सह - संयोजक- | १ जना |
| ३.सचिव- | १ जना |
| ४. कोषाध्यक्ष- | १ जना |
| ५.सदस्यहरु- | ५ जना |
| जम्मा | ९ जना |

**३.१.क.**दफा ३.१. वमोजिम गठन भएको वडा समितिको कार्यकाल ३ वर्षको हुने छ ।

**३.२ नगर स्तरीय संजाल गठन**

**क.** पुतलीवजार नगरपालीकाका १४ वटा वडाका वडा समितिका १४ जना संयोजकहरु पदेन सदस्य रहने गरी एक नगरस्तरिय युवा तथा खेलकुद संजाल गठन गरिने छ ।

**ख.**उपदफा ३.२ क. बमोजिम गठन भएको नगर स्तरिय युवा संजालको वैठक वसी वैठकको निर्णयवाट तपशिल वमोजिमको पदाधिकारी चयन गरिने छ ।

| | |
|---|---|
| १. संयोजक | १ जना |
| २. सह.संयोजक | १ जना |
| ३. सचिव | १ जना |
| ४. कोषाध्यक्ष | १ जना |
| ५. सह - सचिव | १ जना |
| ६. सह- कोषाध्यक्ष | १ जना |
| ७. सदस्यहरु | ८ जना |
| जम्मा | १४ जना |

**३.१.क.**दफा ३.२.क वमोजिम गठन भएको नगर संजालको कार्यकाल ३ वर्षको हुने छ ।

**३.२.ख.** उपदफा ३.२ क. बमोजिम गठन भएको नगर स्तरिय युवा तथा खेलकुद संजालमा लैङिक हिसावले महिला नपरेमा संजालको वैठकद्धारा ५ जना महिला मनोनित गर्न सक्नेछ ।

**३.३. वडा समितिको काम कर्तब्य र अधिकार-**

**३.३. क.** दफा ३.१ वमोजिम गठन भएको वडा समितिले युवाहरुको सचेतना अभिवृद्धि गराई सक्षम नागरीक तयार गर्ने. युवाहरुको आय आर्जन वृदि गर्ने.युवाहरुलाई तन्दुरुस्ती र स्वास्थ्य राख्न क्षमता विकास र सिप मुलक तालिम संचालन गर्ने योजना वनाई नगर संजाल मार्फत नगरपालिका कार्यालयवाट युवा तथा खेलकुद वडा स्तरीय समितिलाई छुट्टाईएको वजेट लगी वडा समिति लगायत

सवै युवाहरुलाई सहभागी गराई क्षमता विकास तालिम.गोस्ठी .प्रशिक्षण. खेलकुद संचालन गर्ने । वडा समिति र वडा विकास कार्यक्रम अन्तर्गत रही काम गर्ने ।

**३.३.ख. नगर संजालको काम कर्तब्य र अधिकार -**

यस कार्यविधीको  दफा ३.२ वमोजिम गठित नगर  संजालको काम कर्तब्य र अधिकार-.

**३.३. ग.** दफा ३.२. वमोजिम गठन भएको युवा तथा खेलकुद नगर संजाल युवाहरुको सचेतना अभिवृद्धि गराई सक्षम नागरिक तयार गर्न. आय आर्जन  वृदि गर्न क्षमता विकास र सिप मुलक नगर स्तरिय  तालिम संचालन गर्ने योजना वनाई नगरपालिका कार्यालयवाट नगर संजाललाई छुट्टाईएको वजेट लगी नगर संजाल लगायत सवै युवाहरुलाई सहभागी गराई क्षमता विकास गर्ने सिप मुलक तालिम. गोष्ठी .प्रशिक्षण. खेलकुद संचालन गर्ने .नगरकार्यपालिका. नगर विकास समिति अन्तर्गत रहि काम गर्ने ।

**३.३.घ.** दफा ३.२. वमोजिम गठन भएको नगर संजालले युवाहरुको सचेतना अभिवृद्धि गराई सक्षम नागरिक तयार गर्न. क्षमता विकास र सिप मुलक वडा स्तरिय  तालिम संचालन गर्ने योजना वनाई नगरपालिका कार्यालयवाट वडा समितिलाई छुट्टाईएको वजेट लगी वडा समिति लगायत सवै युवाहरुलाई सहभागी गराई क्षमता विकास गर्ने सिप मुलक तालिम.गोस्ठी .प्रशिक्षण. खेलकुद संचालन गर्न वडा समितिलाई सहयोग गर्ने ।

**४. नगर संजालको संयोजक को काम कर्तव्य र अधिकार**

४.१. नगर संजालको वैठकको अध्यक्षता गर्ने ।

४.२. नगर संजालको तर्फवाट गर्ने सम्पूर्ण कामको प्रतिनिधित्व गर्ने ।

४.३. नगर संजालको र वडा समितिलाई नेतृत्व प्रदान गर्ने ।

४.४. अन्य आवश्यक कामहरु गर्ने ।

**५. नगर संजालको सह- संयोजक को काम कर्तव्य र अधिकार .**

५.१. संयोजकलाई सहयोग गर्ने ।

५.२. संयोजकको अनुपस्थितिमा नगर संजालको वैठकको अध्यक्षता गर्ने ।

५.३. संयोजकको अनुपस्थितिमा संयोजकले गर्ने सवै काम गर्ने ।

**६. नगर संजालको सचिवको काम कर्तव्य र अधिकार .**

६.१. संयोजकको सहमतिमा नगर संजालको वैठक वोलाउने ।

६.२. वैठकको उपस्थिति उठाई वैठक संचालन गर्ने ।

६.३. संयोजकले तोकेका अन्य काम गरि संयोजकलाई सहयोग गर्ने ।

**७. नगर संजालको सह- सचिवको काम कर्तव्य र अधिकार .**

७.१. सचिवको अनुपस्थितिमा सचिवले गर्ने सवै काम गर्ने ।

**८. नगर संजालको  कोषाध्यक्षको काम कर्तव्य र अधिकार .**

८.१. संयोजकसँग सल्लाह गरी नगर संजालको आय व्ययको हिसाव दुरुस्त राखी लेखा परीक्षण गराउने.

८.२. नगर संजालको कोष सम्वन्धी अन्य कामहरु गर्ने ।

**९. नगर संजालको सह- कोषाध्यक्षको काम कर्तव्य र अधिकार**

९.१. कोषाध्यक्षको अनुपस्थितिमा कोषाध्यक्षले गर्ने कामहरु गर्ने ।

९.२. कोषाध्यक्षलाई सहयोग गर्ने ।

**१०. नगर संजालको सदस्यहरुको काम कर्तव्य र अधिकार**

१०.१. संयोजकलाई सहयोग गरी नगर संजाललाई सफल पार्ने ।

**११. वडा समितिको संयोजक को काम कर्तव्य र अधिकार**

११.१. वडा समितिको वैठकको अध्यक्षता गर्ने ।

११.२. वडा समितिको तर्फवाट गर्ने सम्पूर्ण कामको प्रतिनिधित्व गर्ने ।

११.३. वडा समितिलाई नेतृत्व प्रदान गर्ने ।

११.४. अन्य आवश्यक कामहरु गर्ने ।

**१२. वडा समितिको सह- संयोजक को काम कर्तव्य र अधिकार**

१२.१. संयोजकलाई सहयोग गर्ने ।

१२.२. संयोजकको अनुपस्थितिमा वडा समितिको वैठकको अध्यक्षता गर्ने ।

१२.३. संयोजकको अनुपस्थितिमा संयोजकले गर्ने सवै काम गर्ने ।

**१३. वडा समितिको सचिवको काम कर्तव्य र अधिकार**

१३.१. संयोजकको सहमतिमा वडा समितिको वैठक वोलाउने ।

१३.२. वैठकको उपस्थिति उठाई वैठक संचालन गर्ने ।

१३.३. संयोजकले तोकेका अन्य काम गरी संयोजकलाई सहयोग गर्ने ।

**१४. वडा समितिको कोषाध्यक्षको काम कर्तव्य र अधिकार**

१४.१. संयोजकसँग सल्लाह गरी वडा समितिको आय व्ययको हिसाव दुरुस्त राखी लेखा परीक्षण गराउने।

१४.२. वडा समितिको कोष सम्वन्धी अन्य कामहरु गर्ने ।

**१५. वडा समितिका सदस्यहरुको काम कर्तव्य र अधिकार**

**१६. संयोजकलाई सहयोग गरी वडा समितिलाई सफल पार्ने ।**

**१७ .कोषको व्यवस्था .** युवाहरुको नगर संजाल र युवाहरुको वडा समितिको लागि कोषको व्यवस्था देहाय वमोजिम हुनेछ ।

१७.१. नगरकार्यपालिकाले निर्णय गरी यस युवाहरुको नगर संजाल र युवाहरुको वडा समितिको कोषमा जम्मा गरेको रकम ।

१७.२. नेपाल सरकारवाट प्राप्त अनुदान रकम

१७.३. अन्य ठाँउवाट प्राप्त हुन आउने रकम ।

**आज्ञाले**
**रुद्रबहादुर मल्ल**
**प्रमुख प्रशासकीय अधिकृत**

# पुतलीबजार नगरपालिका स्याङ्जा

**युवा तथा खेलकुद वडा तथा नगर संजाल गठन र परिचालन कार्यविधी, २०७४**

# स्थानीय राजपत्र

## खण्डः १/संख्याः ११/ मितिः २०७४/१०/१६

## भाग-२